# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१ मितिः २०८२ साल वैशाख ०४ गते

## भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको सूचना

## <u>स्थानीय राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१</u>

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले देहायको व्यवस्थाहरू संशोधन तथा थप गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी व्यवस्थाहरूको नाम "स्थानीय राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ मा दफा '१६क' भन्ने नयाँ दफा थपः स्थानीय राजपत्र प्रकाशन

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

सम्बन्धी कार्यविधि, २०७५ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा १६ पछाडि देहायको नयाँ दफा '१६क' थप गरिएको छ,-

"१६क. **संशोधनः** यो कार्यविधि संशोधन गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।"

३. <u>मूल कार्यविधिको अनुसूची -१ मा थपः</u>

मूल कार्यविधिको अनुसूची-१ मा स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु अन्तर्गत भाग-१ र भाग -२ रहेकोमा देहायको भाग-३ थप गरिएको छ ।

“ **भाग-३**

यस भागमा ऐन, नियम वा आदेश अन्तर्गत वा नगर सभा वा नगर कार्यपालिकाको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनी

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

उल्लेख भएका सूचनाहरू वा नगर सभा वा कार्यपालिकाको महत्वपूर्ण निर्णय वा आदेशका सूचनाहरू प्रकाशन गरिनेछ।”

४. <u>मूल कार्यविधिमा अनुसूची २ को नयाँ ढाँचा थपः</u> मूल कार्यविधिमा भाग-१ र भाग-२ का कानूनहरु प्रकाशन गर्ने दुईवटा अनुसूची-२ रहेकोमा भाग-३ बमोजिमका सूचनाहरु प्रकाशन गर्न देहायको अनुसूची-२ को नयाँ ढाँचा थप गरिएको छ,-

"

## अनुसूची २

(दफा ४ तथा अनुसूची (१) को भाग-३ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

## खण्डः... संख्याः... मितिः ....... गते

## भाग ३

## सूचनाको संक्षिप्त व्यहोरा

यस भागमा ऐन, नियम वा आदेश अन्तर्गत वा नगर सभा वा नगर कार्यपालिकाको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनी उल्लेख भएका सूचनाहरू वा नगर सभा वा कार्यपालिकाको महत्वपूर्ण निर्णय वा आदेशका सूचनाहरूको सम्पूर्ण ब्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

"

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

आज्ञाले,
राम प्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत ।